# सन शाइन सामाजिक विकास संस्था
# बुद्धभूमी -१०, चेतरादेई
# कपिलवस्तु

# सामाजिक परीक्षण प्रतिवेदन
# २०७९/०६/१४

## साझेदारी संस्था :

## युनाइटेड मिसन टु नेपाल

प्रस्तुतकर्ताः
अर्जुन थापा मगर
सामाजिक परिक्षक

**सामाजिक परीक्षणको अवधारणा**

सामान्य अर्थमा 'सामाजिक परीक्षण' भनेको कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण गर्ने कार्य हो, जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनकालागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य नै सम्बन्धीत संस्थाको सो आर्थिक वर्षको सामाजिक परीक्षण हो । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ, भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गरे पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसलाई संस्थाले योजना तर्जुमाको एवं कार्यन्वयनको विभिन्न चरणमा समेटदै लैजानु पर्दछ । यसरी संस्थाबाट भएका कामहरूले सामाजिक उपलब्धि के कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न ठूलो टेवा पुग्ने गर्दछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँछन् । सामाजिक परीक्षण कार्यविधि, २०६७ को अधिनमा रही सन शाइन सामाजिक बिकास संस्था कपिलबस्तुको आर्थिक बर्ष २०७८/०७९ को सामाजिक परीक्षण गरिएको छ ।

**उद्देश्यः**

सन शाइन सामाजिक संस्था कपिलबस्तुले बिभिन्न साझेदारी परियोजनाको कार्यन्वयन गर्दा आर्थिक बर्ष २०७८/०७९ मा समग्र सामाजिक उत्तरदायित्व पुरा गरे/नगरेको परीक्षण लेखाजोखा गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । यसरी सम्पादन गरेका कार्यक्रम र त्यसको सामजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखा गर्नुसँगै यसका बिशिष्ट उद्देश्यहरु यस प्रकार रहेका छन् ।

- श्रोत र साधनको उपयोग गरी सनशाईन सामाजिक विकास संस्थाले सामाजिक उत्तर दायित्व पुरा गर्नका लागी संचालित योजना तथा कार्यक्रमबाट प्राप्त भएको सामाजिक उपलब्धीको लेखाजोखा गर्ने ।
- परियोजनाको लाभग्राही, अधिकारवाला र सरोकारवालाहरुप्रति पारदर्शिता र जवाफदेहिता कायम राख्ने ।
- सामाजिक जिम्मेवारी पुरा गर्ने क्रममा भोगेका समस्या, चुनौती तथा कमी कमजोरीहरुको विश्लेषण गर्ने ।

- सुधारात्मक कार्यन्वयनका लागी भविष्यमा अपनाउनु पर्ने रणनितीहरको पहिचान गर्ने ।
- संस्थागत सुधारका लागि सरोकारवालाहरुले आफ्ना अनुभव आदनप्रदान, सूचना प्रदान गर्न र अरुका विचार र दृष्टिकोण जान्ने मंच निर्माण गर्ने ।

सामाजिक परीक्षण (साप) अध्ययन विधिः
सामाजिक परीक्षणको कार्यलाइ अनुससन्धानात्मक ढंगबाट अगाडी बढाउने क्रममा देहाय प्रकृया विधिहरु अपनाइएको थियो ।

सर्न्दभ समाग्री समीक्षा र अध्ययन

- संस्थाको निती, निर्देशिका, नियम तथा कार्यविधिहरु
- बिभिन्न प्रतिवेदन अध्ययन ।
- संस्थाले संचालन गरेका कार्यक्रम, सेवा र बजेटका सबै आवश्यक अभिलेखहरु अध्ययन र विश्लेषण ।
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सुचना ।
- Case study सम्वन्धि पत्रपत्रिकाबाट संकलित सुचनाहरुको अध्ययन् ।

अर्न्तवार्ता र समुह छलफल ।

- सम्वन्धित संस्थाका कार्यसमितिका पदाधिकारीहरु, कार्यक्रम संयोजक तथा अन्य सकृय सदस्यहरुसंग आवश्यक जानकारीहरु हासिल गर्ने ।
- लाभग्राही, अधिकारवाला र सरोकारवालहरुसँगको अन्तरक्रिया ।
- सम्बन्धित कर्मचारीहरुसँगको छलफल ।

सामाजिक परिक्षणको सीमा

सामाजिक परिक्षणको सीमितता यस प्रकार छन्ः

- सनशाईन सामाजिक विकास संस्थाको सामाजिक परिक्षण भएता पनि छोटो समयावधी र सीमित श्रोतको परिधिभित्र रहेर कार्य सम्पन्न गर्नु पर्ने भएकाले समावेश गर्न समेट्न सकिएको छैन ।
- यसले कुनै संस्थाको एउटा मात्र पक्ष जस्तो कि वित्तीय पक्ष, कार्यक्रम, गतिविध आदि नहेरी समग्रतामा मात्र हेर्दछ ।
- अधिकांश सुचनाहरु द्धितिय श्रोतहरुबाट संकलन भएका र प्राथमिक श्रोतबाट प्राप्त सुचनाहरु सुचनादाताको मौलिक विचारबाट पनि प्रभावित भएका हुन सक्दछन् ।
- यसको कानुनी आधार हुंदैन तर कानुनी प्रावधानलाई सहयोग भने गर्न सक्दछ ।

पृष्ठभुमी सन्र्दभ :

सनसाइन सामाजिक विकास संस्थाले मिति २०७९/०६/१४ गतेका दिन आर्थिक बर्ष २०७८/०७९ मा सम्पन्न गरेका कार्यक्रमहरुको प्रगति समिक्षा सरोकारवाला र अधिकारवालाहरुको बिचमा साझा गरी सामाजिक परिक्षण सम्पन्न गरेको छ । सामाजिक संस्थाले संस्थागत बिकासका लागी सुशासनको जगमा टेकेर पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्नु महत्वपुर्ण पक्ष हो । यसैको एक असल अभ्यास संस्थाले परियोजनाको अधिकांश कार्यक्रम कार्यन्वयन गरेको मायादेवि गाँउपालिकामा स्थानिय स्तरमा नै सरोकारवालाहरुमाझ सामाजिक परिक्षण सम्पन्न गर्नु अर्को महत्वपुर्ण पक्ष हो । कुनै पनि कार्यक्रम सफल हुनका लागी कार्यक्रम कार्यन्वयन गर्ने संस्थाको कार्यन्वयन, स्थानिय सरकारको नेतृत्व र समुदायको अपनत्व अपरिहार्य नै हुन्छ । जसका लागी अधिकारवाला-सरोकारवाला सेवा प्रदायक लाई एउटै स्थानमा ल्याई कार्य सम्पादनको तुलना गर्ने अवसर प्रदान गर्दछ साथै यसले ब्यवहारिक प्रश्न सोध्ने र भविष्यका लागी ब्यवहारिक सुझाव प्रदान गर्नका लागी समेत मौका प्रदान गर्दछ । सामाजिक लेखाजोखा संस्थाको प्रणाली अनुरुप प्रायः वार्षिक रुपमा गरिने एउटा नियमित प्रक्रिया हो र सन शाइन सामाजिक बिकास संस्थाको आफ्नै गर्विलो इतिहास पनि रहेको छ । पश्चिमाञ्चलमै सामाजिक संस्थाले गर्ने सामाजिक परिक्षणको सुरुवात गरेर आफ्नो बिशेष पहिचान बनाएको संस्थाले यसरी निरन्तर सरोकारवाला अधिकारवाला बर्गसँग आफ्ना समग्र कार्यक्रमको उपलब्धि साझा गर्नु जवाफदेहिता, पारदर्शिता, सुशासन र उत्तरदायित्वको एक असल प्रमाण हो ।

कायक्रमको योजना र कार्यन्वयन, बित्तिय ब्यवस्थापन र कार्य सम्पादन साथै संस्थागत शासन पद्धती जस्ता क्षेत्रका लेखा जोखा सँगै सरोकारवालको प्रश्न सोध्ने अवसरको सिर्जना गर्नु सामाजिक परिक्षणका क्रममा गरिने सार्वजानिक सुनुवाइले मद्दत पुग्दछ । साथ साथै प्रश्न, समस्या वा जिज्ञासाको समाधान तत्कालै जवाफ प्राप्त हुने र सुझावहरुले भविष्यमा कार्यन्वयन हुने कार्यक्रममा सुधार वा परिमार्जन गर्न समेत मद्दत पुग्दछ ।

औपचारिक रुपमा संचालन गरिएको सामाजिक परिक्षण/सार्वजानिक सुनुवाई कार्यक्रमको अध्यक्षता सनशाईन सामाजिक बिकास संस्थाका अध्यक्ष श्री शिवलाल यादवको अध्यक्षता र मायादेवी गाँउपालिकाकी उपाध्यक्ष श्री सरस्वती यादवको प्रमखु आथित्यतामा सम्पन्न भएको कार्यक्रममा मायादेवि गाँउपाकिलाको प्रमुख प्रशासकिय अधिकृत तथा वडा अध्यक्षहरु लगायतको बिशेष आतिथ्यता रहको थियो । गैर सरकारी संस्था महासंघका जिल्ला अध्यक्ष, कालिका स्वावलम्बन सामाजिक केन्द्रका अध्यक्ष, मायादेवि गाँउपालिकाका अर्न्तगतका बिषयगत शाखाका शाखा प्रमुखहरु एवं साझेदार दातृ संस्था UMN बाट आतिथ्यता रहेको थियो । संस्थाका पूर्व अध्यक्ष रामसेवक यादवले संचालन गरेको कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक कृष्ण कुमार श्रेष्ठद्धारा स्वागत मन्तब्य ब्यक्त गरिएको थियो । सामाजिक परिक्षणका लागी स्वतन्त्र परामर्शदाता श्री अर्जुन थापा मगरद्धारा सहजीकरण सम्पन्न गरिएको थियो ।

**सरोकारवाला तथा अधिकारवाला बर्गको उपस्थिती :**

१३५ जनाको उपस्थितीमा सम्पन्न भएको कार्यक्रममा तपशिलको सरोकारवाला एवं अधिकारवाला बर्गको उपस्थिती रहेको थियो :

- आत्म निर्भर महिला समुहका प्रतिनिधी
- युवा क्लबका प्रतिनिधि
- बाल क्लबका प्रतिनिधी
- बाल क्लब संजालका प्रतिनिधी
- विद्यालय व्यवस्थापन समिति प्रतिनिधि
- शिक्षक
- स्वास्थ्यकर्मी
- स्वास्थ्य व्यवस्थापन समिति
- गाँउपालिकाका बिषयगत शाखाका प्रमुख तथा प्रतिनिधी
- जन प्रतिनिधी
- सामाजिक संघ संस्थाका प्रतिनिधीहरु
- संचारकर्मी
- साझेदार दातृ संस्थाका प्रतिनिधी
- गैर सरकारी संस्था महासंघ
- संस्थाका सदस्य पदाधिकारी एवं कर्मचारी

**प्रयोग गरिएका बिधी :**

- ❖ प्रगती प्रतिवेदनको वितरण तथा उपलब्ध गराईको
- ❖ छापा सामाग्री ग्यालरी प्रस्तुतीकरण
- ❖ पावर प्वाईन्ट प्रस्तुतीकण
- ❖ प्रश्नोत्तर

**प्रस्तुतीकरण तथा छलफल :**

संस्थाको बार्षिक प्रगति प्रतिवेदन संस्थाका सचिव श्री दिलिप कुमार यादव र आर्थिक प्रतिवेदन कोषध्यक्ष कृष्ण मोहन केवट मार्फत प्रस्तुत गरिएको थियो । साथै संस्थाले संचालन गरेको बिभिन्न ६ वटा परियोजनाको परियोजना प्रमुखहरु मार्फत प्रस्तुत गरिएको थियो । एक आर्थिक बर्ष अवधी भर संस्थाले सम्पादन गरेको कार्यहरु, नितीगत व्यवस्था, असल अभ्यास, महत्वपुर्ण उपलब्धी तथा कार्यन्वयनमा भोग्नु परेका चुनौतीहरु र बित्तिय खर्चलाई समेटिएको थियो । यसका साथै बित्तिय कारोबारको जानकारी छापा सामाग्रीका रुपमा प्रिन्ट गरी साझा गरिएको र सफलताका कथाहरु र तस्बिरहरु समेत यसरीनै साझा गरिएको थियो । प्रस्तुतीकरण पश्चात सरोकारवाला तथा अधिकारवाला बर्गको प्रश्न, जिज्ञासा र सुझावहरुलाई स्थान दिइएको थियो । यसरी आएका प्रश्नहरुको सम्बोधन तत्कालै सबैका माझमा प्रदान गर्नुका साथ साथै समस्या वा जिज्ञासाको जवाफ तुरुन्तै प्रस्तुत गरिएको थियो भने प्राप्त भएका सुझावहरुलाई टिपोट गरि आगामी दिनमा कार्यन्वयन हुने कार्यक्रममा सुधार वा परिमार्जन गर्न प्रतिबद्धता गरिएको थियो ।

**सरोकारवाला एवं अधिकारवाला वर्गका सरोकार, सवाल र जिज्ञासाः**

- आत्म निर्भर महिला समुहको दर्ता अहिले सम्म पनि हुन नसकेको हुदा सो को दर्ता प्रक्रियाका लागी सहजिकरण गरिनु पर्ने ।
- बाल विवाह तथा दाइजो जस्ता हानिकारक अभ्यासहरु समाजमा ब्याप्त रहेको र जसका कारण गरिव परिवारका छोरीहरु सानै उमेरमा विवाह गर्नुपर्ने तथा विवाह नै गर्न कठिनाइ हुने जस्ता समस्या हुने भएको हुदा यसको अन्त्यका लागी पहल गरिनु पर्ने ।
- करेसाबारीका लागी समान्य तरकारीको बिउ बिजनहरुको वितरण भएको यद्यपी धान गहुँ मल जस्ता बस्तुहरुको समान रुपमा वितरण नभएको भन्ने बुझाइ रहेकोमा सो सामाग्रीहरु परियोजना मार्फत वितरण नभई गाँउपालिका मार्फत वितरण गरिएको स्पष्ट पारिएको थियो ।
- बिद्यालयमा गुणस्तरिय शिक्षाका लागी अझै पनि धेरै चुनौतीहरु रहेको र बिशेष गरी प्रविधी शिक्षा लाई जोड दिनु पर्ने ।
- बाल बालिकाहरुको शिक्षा, विद्यालयहरुमा जोड दिदै गर्दा अभिभावक शिक्षामा समेत प्राथमिकता दिनु पर्ने ।
- क्षमता बिकास सम्बन्धी तालिमहरु दिएता पनि प्रमाण पत्रहरु प्राप्त नगरेको भन्ने प्रश्न रहेकोमा सामान्य अभिमुखीकरण वा अन्य कार्यशाला वा गोष्ठिका सहभागिताहरुको प्रमाण उपलब्ध नगराईएको भनि स्पष्ट पारिएको थियो ।
- नेपाल राष्ट्रिय माध्यमिक बिद्यालयमा कम्प्युटर ल्याव तथा खानेपानीको ब्यवस्थापन गर्ने भन्ने प्रतिबद्धता समेत भएको यद्यपी हाल सम्म पनि संस्थाले उपलब्ध नगराएको हुदा सो को कारण के हो भन्ने जिज्ञासा रहेको थियो ।
- स्वास्थ्य संस्थामा औषधीहरुको उपलब्धता नहुनु र स्वास्थ्य सेवाको सुदृढिकरणका लागी पहल गरिनु पर्ने ।
- बाल क्लव, युवा क्लव तथा अन्य संरचनाहरुमा बिभिन्न सामाग्री समेत संस्थाले प्रदान गरेको यद्यपी त्यसको पऱ्याप्त अनुगमन पनि गरिनु पर्ने ।
- युवा क्लवमा रहेका युवाहरु तथा आत्म निर्भर महिला समुहका सदस्यहरुलाई सीप मुलक तालिम प्रदान गरी स्वरोजगारको अवसर सिर्जना गरी आत्म निर्भर बनाउदै लैजानु पर्ने ।

यसरी उठेका प्रश्नहरु र जिज्ञासाहरुलाई सनशाईन सामाजिक विकास संस्थाको तर्फबाट कार्यकारी निर्देशक कृष्ण कुमार श्रेष्ठ मार्फत सम्बोधन गरिएको थियो । कतिपय जिज्ञासा तथा सुझावहरु स्थानिय सरकारका जिम्मेवारी अर्न्तगत रहेको बिषय भएको हुदा त्यस्ता बिषय र समाजमा व्याप्त परम्परागत हानिकारक अभ्यासहरुको अन्त्यका लागी निरन्तर पैरवी गर्ने साथै प्राप्त सुझावहरुलाई आगामी दिनका कार्यक्रम तथा कार्ययोजना भित्र समेटेर लैजाने प्रतिबद्धता समेत गरिएको थियो ।

**चित्रित सकारात्मक पक्षहरुका प्रमुख निष्कर्ष :**

- ≈ आत्म निर्भर महिला समुहका सदस्यहरुको आत्म बिश्वास तथा निधक्कसँग आफ्ना सवालहरुको उठान गर्न सक्नुले महिला सशक्तिकरणको राम्रो नमुना नतिजा उजागर भएको ।
- ≈ अधिकाशं सरोकारवाला बर्गबाट संस्थाले गरेका कार्यहरु उत्कृष्ट र प्रशंसनिय रहेको ब्यहोरा उदृत हुनु ।
- ≈ सामाजिक परिक्षणको प्रतिवेदनमा महिला सहभागिता चुनौतीका रुपमा रहेता पनि तुलानात्मक हिसावले पुरुष भन्दा महिलाहरुको सहभागिता बढि रहेको ।
- ≈ परम्परागत हानिकारक अभ्यास (जस्तै बाल विवाह, दाइजो, छुवाछुत भेदभाव) अन्त्यका लागी बयस्कहरुको तुलनामा युवा तथा बालबालिकाहरुको सक्रियता र जागरुकता बढि रहेको ।
- ≈ कार्यक्रम कार्यन्वयन भैरहेका क्षेत्रका सरोकारवाला तथा अधिकारवालाहरुको बिच उनिहरुको समुदायमानै सहभागितामा कार्यक्रम गरिनुले पारदर्शिता, जवाफदेहिता सँग संस्था प्रतिको बिश्वसनियतामा बृद्धि गरेको छ ।
- ≈ बिभिन्न संरचनागत तहबाट सहभागिता हुनुले परियोजनाको समान बुझाइ र यसको अपनत्वमा बृद्धि हुने ।

**मुख्य सुझावहरु**

संस्थाको नीति, नियमावली, प्रगती प्रतिवेदनहरुको अध्ययन बिष्लेषण तथा समाजिक परीक्षणका दौरानमा आएका सेवाग्राही लक्षित समुदाय सरोकारवालाको धारणालाई समेट्दै सुझावहरु यस प्रकार प्रस्तुत गरिएको छ :

- महिला समुह, बाल क्लव तथा युवा क्लवहरुको दिगोपनाका लागी दर्ता गरी स्थानिय सरकारको श्रोत परिचालनका लागी सक्षम बनाईनु पर्ने ।
- समुहहरुको संस्थागत बिकासका लागी स्थानिय तहसँगको समन्वयमा सीपमुलक उद्यमशिलता र बित्तिय साक्षरता सम्बन्धी तालिम अभिमुखीकरण गरी औजार उपकरण समेत उपलब्ध गराउन सकेको खण्डमा अझै प्रभावकारी हुने देखिन्छ ।
- लक्षित समुहहरुको दिगो सुदृढीकरण स्थानिय तहको अपनत्व बढाउनु पर्ने ।
- जिविकोपार्जनका लागी कृषि बाहेकका अन्य ब्यवसायिक क्षेत्रमा पनि जोड दिनु पर्ने ।
- नेतृत्व बिकास र सहभागिता प्रवर्द्धनका लागी योजना निर्माण तह देखिनै स्थानिय स्तरसम्का बिभिन्न प्रत्यक्ष सरोकार रहने संरचनाहरुमा अर्थपुर्ण सहभागिता सुनिश्चत गर्न पैरवी गर्ने ।
- विद्यमान कानुनको प्रभावकारी कार्यन्वयन र नियमन गर्ने साथै आवश्यक कानुनको निर्माण गरी अघि बढ्न पैरवी गर्नुपर्ने ।
- बालमैत्री स्थानिय शासनको प्रबद्धनलाइ बिशेष प्राथमिकतामा राखी स्थानिय सरकारले वालबालिकाहरुको लागी विशेष लगानी योजना बनाइ कार्यन्वयन गर्न नीतिगत पैरवी।

- कर्मचारी, सदस्य तथा कार्यसमितिमा संरचनागत समावेशी सहभागितामा केहि कमजोर देखिन्छ, बिशेष गरी दलित, मुस्लिम, अपाङ्गता भएका ब्यक्तिहरु तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको सहभागितामा जोड दिनु पर्ने ।
- संस्थागत तहमा कार्य स्थलमा हुन सक्ने हिंसा वा यौन हिंसा तथा दुब्यवहारबाट संरक्षणको नीति बनाइ कार्यन्वयन गरिनु अपरिहार्य हुनेछ ।

सामाजिक परीक्षण गर्दाका समस्याहरुः

- सबै बिषयगत क्षेत्र र कार्यक्षेत्र समेट्न कठिन भएको ।
- सिमित श्रोत र साधनले प्रकृयागत परिक्षणमा कठिन भएको ।

मुख्य सिकाईहरुः

- आम समुदायको धारणा प्राप्त गर्न स्थानीय जनताहरुको पहुँच भएको स्थानमै छलफल कार्यक्रम संचालन गर्नु अत्यन्त प्रभावकारी हुन्छ ।
- संस्थाको नीति नियम परियोजनाको परियोजना अभिलेखहरुको पूर्ण अध्यन पश्चात परिक्षण छलफल संचालन गर्नु उपयुक्त हुन्छ ।

निश्कर्षः

सनशाइन सामाजिक विकास संस्थाद्धारा परियोजनाको कार्यन्वयन समग्रमा उत्कृष्ट देखिएको छ । लक्षित लाभग्राही समुहको दिगो मर्यादित सशक्तिकरण र सबलीकरणमा परियोजनाको योगदान उच्च देखिन्छ । समुहको गठन पश्चात बिउ बिजन लगायतका औजार उपकरण तथा बिभिन्न क्षमता बिकास सम्बन्धी तालिम बचत गर्न समेत प्रोत्साहन गर्नुले आर्थिक सशक्तिकरणलाई टेवा पुग्ने देखिन्छ ।

कुनै पनि परियोजना वा कार्यक्रम सफल हुनका निम्ति साझेदार संस्थाको प्रभावकारी कार्यन्वयन, स्थानिय सरकारको प्रेरणादायी नेतृत्व र समुदायको उत्साहजनक अपनत्वको जरुरी हुन्छ यसरी स्थानिय सरकारसँगको निकटतम समन्वय तथा साझेदारीमा परियोजनाको कार्यन्वयन गर्दा परियोजनाका राम्रा नतिजाहरुको स्थानियकरण हुदै अपनत्व बढ्ने समेत हुन्छ । स्थानिय श्रोत र साधनको समुचित परिचालन गर्दे लाभग्राही र सरोकारवलाहरुको अर्थपुर्ण सहभागिता सहित अगाडी बढ्न सके परियोजनाको लक्षित उपलब्धि हासिल हुनेमा संकोच रहने छैन ।

प्रस्तोता
अर्जुन थापा मगर
सामाजिक परिक्षक
२०७९।०६।१४




सामाजिक विकास संस्था
बुद्धभूमि न.पा. १०, चेतरादेई, क.व.
SSDO
परीक्षण कार्यक्रम
२०७८/०७९